# १० ईर्ष्या

*यस अध्यायको निम्ति पढ्नुहोस्:* यशैया १४:१२-१४, याकूब ३:१६,१७, प्रस्थान २०:१७, उत्पत्ति ३७, १ सामूयल १८, मत्ती १२:१४

*स्मरण गर्नुपर्ने पद:* "क्रोध निर्दयी हुन्छ। अति क्रोधले तिमीलाई नियन्त्रणमा राख्नसक्दछन्। तर ईर्ष्या तथा डाहलाई कसले सामना गर्नसक्छ र?" (हितोपदेश २७:४ रूपान्तरित)।

आफूलाई आफैलाई निल्ने अर्थात नाश गर्ने धेरै भावनाहरूमा ईर्ष्या तथा डाहा एक प्रमूख भावना हो। सबै पापहरूमा यो सबभन्दा पुरानो पाप हो (यशैया १४:१४)। यसले अरूसँगको सम्वन्धमा पनि बिगार ल्याउँछन् (२ कोरन्थी १२:२०) र आफ्नै स्वास्थमा पनि हानी पुऱ्याउँछन् (हितोपदेश १४:३०)।

यो डाहा र ईख गर्ने बानी प्रायजसो व्यक्तिगत हुन्छ। अरूलाई शत्रु ठानेर नै यो नकारात्मक भावनाले मानिस प्रेरित हुन्छ। डाहाले ओतप्रोत भएको मानिस प्रायजसो मानसिक हिंसातिर लाग्नु सक्छन्। जथाभावी गाली गर्ने, मनलाई छेड्ने गरेर अपशव्दहरू बोल्ने र आलोचना-प्रत्यालोचना आदि यस मानसिक हिंसाका लक्षण हुन्। त्यसरी नै डाहाले गर्दा रीस थाम्न नसकिने हुन्छ र शारीरिक हिंसा गर्न पनि अग्रसर हुनसक्छ। कुनै न कुनै समयमा हामी सबैले यस नकारात्मक भावनाका शीकार भएकाछौं।

डाहा, ईर्ष्यालु, पेटपोलाइ, आरिसले मानिसहरूका व्यवहारमा कस्ता नकारात्मक प्रभाव हुन्छ भनेर बाइबलमा दिएका उदाहरणसहीत हामी यस अध्यायमा अध्ययन गर्नेछौं। केहि उदाहरणमा सैतान, युशूफका दाजुहरू, राजा सावल र नयाँ करारमा मूल पुजारीहरू हुन्। डाहाले गर्दा ल्याइएको नतिजा जहिले पनि भयङ्कर नै भएको पाउँछौं। ईर्ष्याले भरिएका ती सबै मानिसहरू समाजमा उच्च प्रतिष्ठा भएका र सुविधा सम्पन्न व्यक्तिहरू थिए भन्ने कुरो हामी सबैको निम्ति चासोको

विषय हो। तर ती सबै जना अरूलाई घृणा गर्ने धरापमा परे। अरूसँग जे छ र अरू कोहो भनेर सहन नसक्दा तिनीहरू निच स्तरमा झरेका थिए।

यो गलत बाटो नअपनाउन परमेश्वरले हामीलाई खबरदारी गर्नुभएको छ। हाम्रो छिमेकीमा भएका बरदान, प्रतिभा, सफलता वा जे छन्, ती प्रति हामीपनि आनन्दित हुनुपर्दछ र उनीहरूलाई प्रेम गर्नुपर्छ भनेर प्रभुले हामीलाई प्रोत्साहन गर्नुहुन्छ।

## १. दुष्टताको जरा वा सुरुवात (यशैया १४:१२-१४)

सारा स्वर्गदूतहरूका नाइके लुसिफरलाई स्वर्गबाट फैंकिएको थियो। त्यसको कारण के थियो? हेर्नुहोसः यशैया १४:१२-१४। स्वर्ग सिद्ध स्थान थियो। त्यहाँ पनि स्वतन्त्रता थियो। तर त्यस स्वतन्त्रतालई शैतानले परमेश्वरको खिलाफमा उठेर दुरूपयोग गरेको थियो। परमेश्वर जस्तै हुने अहँकारी भावनाले ओतप्रोत भएर बिद्रोह गर्ने सैतानको आत्मनिर्णयलाई तपाईंले के भन्नुहुन्छ?

लुसिफर अत्यन्त सुन्दर र शक्तिशाली स्वर्गदूत थियो, जसलाई परमेश्वरले सृष्टि गर्नुभएको थियो। त्रीएक परमेश्वरभन्दा बाहिर लुसिफरलाई अत्यन्त उच्च ओहोदा दिइएको थियो। उसको सम्मान, सौन्दर्यता र दिमाग अत्यन्त महान थिए। तर उनको हृदयमा रहस्यमय तरिकाले पाप पल्हायो (इजकियल २८:१२-१५)। लुशीफरले आफूलाई परमेश्वर भन्दा माथि राख्ने र येशूप्रतिको ईर्ष्याले गर्दा स्वर्ग र जगतका सारा सृष्टिको शान्ती र खुशीयालीमा ठूलो खैलाबैला मच्चियो।

“ ‘अत्यन्त महान परमेश्वरभन्दा म माथि उक्लन्छु’ (यशैया १४:१४ रूपान्तरित) भन्ने सोचाईले स्वर्गमा बिद्रोह, हिंसा ल्यायो र स्वर्ग तथा सम्पूर्ण जगतमा रहेका जीव र पृथ्वीका सबै मानवपरिवारलाई पिडा ल्यायो। येशूसँग सैतानले ईर्ष्या गरेका थिए। जब पृथ्वीमा मानिसको सृष्टि भयो त्यसबेला परमेश्वर पिता र येशूले उनीसँग सल्लाह मागौस् भन्ने सैतानको चाहना थियो। उसँग सल्लाह नमागेकोले उसमा ईर्ष्या, डाहा र घृणाले भरियो। परमेश्वर पछि आफू दोश्रो महान दर्जा

र सम्मान भएको होस भनेर सैतानको इच्छा थियो।"-एलेन जी ह्वाइट, अर्ली राइटिङ्गस्, पृ. १४५बाट रूपान्तरित।

सैतानसँग तुलना गरेर हामीले येशूको बारेमा अध्ययन गर्न सक्छौं। ईर्ष्या र स्वार्थिपनले गर्दा पापको सुरु भयो। येशू नम्र हुनुहुन्थ्यो र अपराधी सरह क्रुसमा मर्न तयार हुनुभयो। पापबाट ल्याएको अनन्त विनाशबाट प्रत्येक मानव प्राणीलाई बचाउन येशूले यो कदम चाल्नुभएको थियो (२ थेस्सोलोनी १:९)। आफू विनम्र भएर क्रुसमा बलिदान दिने येशूले गर्दा सैतान कत्तिको महत्वाकाँक्षा, स्वार्थी र निर्दयी रहेछ भनेर उसको पर्दाफास गरियो।

याकूब ३:१६,१७ पढ्नुहोस्। यहाँ दुई कुराहरूमा स्पष्ट रूपमा तुलना गरिएका छन्। दुष्ट र ईर्ष्या कत्तिको बिनाशकारी हुन्छ भनेर ती पदहरूले हामीलाई बताउँद्छ?

प्रथम् खराब कामले गर्दा अर्को खराब काम गर्न हाम्रो पापी स्वभावले सहज बनाउँदछन्। एउटा गलत बाटोले धेरै पापहरू गर्न दोऱ्याउनछन्। तर शुभ समाचार त यो हो कि, त्यसको बिकल्प हामी चुन्न सक्छौं। परमेश्वरबाट पाउने बुद्धीका मार्ग, "शुद्ध, शान्तिप्रिय, कोमल, अरूको ख्याल राख्ने, विचारशील अर्थात् अरूको हितलाई समर्पण गर्न राजी, कृपापूर्ण, असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छन्।" (पद १७ रूपान्तरित)। यी गुणहरू केवल प्रेमले मात्र रोज्नसक्दछन्।

आफूसँग भएको असल गुणहरूलाई लुसिफरले हेरेनन्। तर येशूमा भएका कुराहरूमा उसले आँखा लगाएका थिए। यहि कुराको जालमा हामी पनि कत्ति पटक परेका हुन्छौं? तपाईंसँग भन्दा अरूसँग भएको धेरै कुराहरूमा तपाईं कत्तिको डाहा र ईख राख्नुहुन्छ? यो खतरापूर्ण आवेशलाई तपाईंले कसरी जित्न सक्नुहुन्छ?

## २. युशूफका दाजुहरू (उत्पत्ति ३७)

प्रायजसो ईर्ष्या र डाहा हाम्रो धेरै नजिकको मानिससँग भएको पाउँछौं। यसले गर्दा यसले गम्भिर र बिनाशकारी परिणाम ल्याउँदछन्। हो, रीस, घरेलु हिंसा र भावनात्मक चोतपटक प्रायजसो पारिवारिक

घेरामा भएको हामी पाउँछौं। एक आपसमा खिचातान, ईर्ष्या र डाहाको जरा नै परिवारिक कारणले पल्हाएको हुन्छ।

उत्पत्ति ३७मा भएको घट्नाको पृष्ठभूमी के थियो? यो जघन्य अपराध गर्न केले उक्सायो? ईखले कुन भाग खेल्यो?

दाजुहरू यस्तो निष्ठुर हुन्छन् भन्ने कुरा विश्वास गर्न गाऱ्हो छ। उनीहरूका यस निर्दयी कामले आफ्नो बाबुलाई के हुन्छ भन्ने कुरालाई तिनीहरूले सोचेनन् होला? उनीहरूमा भएको ईर्ष्या र डाहा यस्तो प्रवल थियो कि उनीहरूको विवेकमात्र नष्ट भएन, अलिकति न्याय पनि तिनीहरुको मनमा पसेन। हामीहरूमा हुने आवेश वा आवेगहरू कत्तिको खतरापूर्ण हुन्छ भनेर यस कथाले हामीलाई प्रभावकारी ढँगले सिकाउनुपर्छ। त्यसैकारण, दश आज्ञाहरूमा एउटा पुरै आज्ञा डाहा नगर्नु भनेर उल्लेख गर्दा हामी अचम्म मान्नु पर्दैन (प्रस्थान २०:१७)।

दाजुहरूको क्रियाकलापले आफूहरूलाई मात्र होइन तिनीहरूको बाबुलाई पनि पिडा ल्याएको थियो। फेरि, आफूहरूले गरेका कुकृत्यले गर्दा बाबु याकूबको मृत्युपछि पनि युशूफले अब के गर्लान् भनेर त्रसित भएको थियो (उत्पत्ति ५०:१५)।

तर युशूफको मनिस्थिति अत्यन्त आदर्शमय थियो। युशूफले भनेः “तपाँईहरू नडराउनुहोस्। के म परमेश्वरको स्थानमा छु र?" (उत्पत्ति ५०:१९)। आफ्ना दाजुहरूलाई क्षमा दिने युशूफको धर्म हो भनेर उसले ठानेका थिए र साथै परमेश्वरको कृपा र न्यायमा भर पर्ने कर्तव्य पनि ठानेका थिए।

युशूफको जीवन येशूको जीवनसँग दाँजीएको छ। डाहा र रीसईबीले गर्दा युशूफलाई दाजुहरूले दास बनाउन बेचेका थिए। त्यहि डाहा, ईर्ष्या र रीसईबी इस्रायलका केहि पुजारी पण्डित र अगुवाहरूमा थिए। यसले गर्दा नै तिनीहरू येशूको खिलाफमा उभे। युशूफलाई अन्यजाती तथा गैर-यहूदीहरूलाई बेचिएको थियो। यसरी येशूलाई पनि उहाँका शत्रुहरूलाई बेचिएको थियो। आफ्नो इमान्दारीताले गर्दा झुठो आरोप पाएर युशूफलाई झ्यालखानामा राखिएको थियो। येशूको पवित्र धर्मी जीवनले गर्दा उहाँलाई पनि झुठो आरोप लगाइएको थियो र

उहाँलाई स्विकार गरिएको थिएन। आफ्ना दाजुहरूलाई सदाशयता देखाएर उनीहरूका अधर्मलाई क्षमा दिएर युशूफले आफ्नो आदर्श चरित्र देखाएका थिए। येशूले पनि आफ्ना बैरीहरूलाई क्षमा दिनुभएको थियो। युशूफप्रति गरिएको दुर्व्यवहारले पछि राम्रो परिणाम ल्याइयो। र यहि कुरा येशूमा पनि भएको थियो। अन्तमा उहाँमाथि गरिएको दुष्ट काम असलमा परिणत भयो।

डाहा र ईर्ष्याले तपाईंकै जीवनमा कस्तो पिडा र कष्ट ल्याएका थिए? ती अनुभवहरूबाट तपाईंले के पाठ सिक्नुभयो? पहिला डाहा गरिएका कुराहरू कस्तो बेकार र अर्थहिन रहेछ भनेर कहिलै महशूस गर्नुभएको छ? यसबाट तपाईंले के पाठ सिक्नुपर्दछ?

## ३. दाउदप्रति राजा सावलको ईर्ष्याः भाग १ (१ सामूयल १८:१-५)

ईर्ष्याको अर्को ज्वलन्त उदाहरण राजा सावल र दाउदको कथामा पाउँछौं। सावल इस्रायल देशका राजा र शासक थिए। उसको पक्षमा सबै थोक राम्रै भइरहेको थियो। तर जब ईर्ष्या र डाहा उसको मनमा पस्यो अनि सबै थोकमा परिवर्तन भयो।

वा के सावलमा भएको डाहाले ऊ कत्तिको कमजोर मानिस रहेछ भनेर देखाएको त होइन?

प्रथमतः राजा सावलले दाउदलाई कुन दृष्टिकोणले हेरेका थिए। हेर्नुहोस् १ सामूयल १८:१-५।

सुरुमा दाउदप्रति सावल अत्यन्त सकारात्मक भावनाले हेर्दथ्यो भनेर देखाइएको छ। सेनाको उच्च पद दाउदलाई दिएको थियो। फेरि, राजाको छोरा जोनाथान र दाउद अत्यन्त घनिष्ट मित्र भएका थिए। यसको अर्थ राजकिय खान्दानमा दाउदको पहुँच थियो भनेर देखाउँदछन्।

तर दाउदप्रति सावलको नियतमा कसरी परिवर्तन भयो, हेर्नुहोस् १ सामूयल १८:६-९? यो मनिस्थिति साधारण मानविय भावनाका प्रतिविम्व हुन्, होइन त?

राजा सावलमा भएको दाउदप्रतिको ईर्ष्या कत्तिको खतरनाक थियो भनेर १ सामूयल १८मा स्पष्टसँग देखाएको छ। यसले गर्दा

सावलले सबै किसिमका दुष्ट र छलकपटका बाटोहरू अपनाउन पुगे। तर कुनै किसिमले पनि राजा सावलको ईर्ष्यालाई मेट्न सकेन। उसले जे गरेतापनि उसले डराएका दाउदको जीवन झन झन चम्किन्दै गइरहेको थियो।

डाहा र ईर्ष्याले धेरै नकारात्मक आवेग तथा भावनाहरूको उब्जनी हुन्छन्ः हिनताबोध अर्थात् आफू निच भएको आभास्, घृणा, शङ्का, त्रास, दोषी र रीसईबी। यस अध्यायमा दाउददेखि सावल रीसाएका थिए भनेर विभिन्न ठाउँहरूमा उल्लेख गरेका छन्। आफू राजा हुनेबाट खस्किने छ भनेर सावल डराएका थिए भने यथार्थरूपमा दाउद इस्रायलको सर्वमान्य बिर हुन्छ भन्ने कुरामा उनी डाहाले त्रसित भएका थिए। तर ती मानव कारणहरूले दाउदप्रति सावल ईष गरेतपनि मूल कारणचाहिँ “ सावलबाट परमेश्वर हट्नुभयो र दाउदको साथमा रहनुभयो" (१ सामूयल १८:१२ रूपान्तरित) भएकोले उनी त्रसित भएको थियो।

परमेश्वरले छोडेको आभास पाउनु नै डराउनुपर्ने प्रसस्त ठाउँहरू थिए। तर सावलको डर अत्यन्त चरममा पुगेको थियो जब परमेश्वर दाउदसँग रहेको थाहा पाए (पद १२)। यसले गर्दा सावलमा केहि शुद्धी पनि आएन। सयौं वर्ष पछि येशूको खिलाफमा अरू धर्मगुरूहरू लाग्दा धर्मगुरू गमियलले तर्क गरेका थिएः “यदि येशूका अनुयायीहरूका योजना र क्रियाकलाप मानिसको इच्छाद्वारा भएको हो भने त्यो स्वःत असफल हुनेछ। तर परमेश्वरको इच्छामा तिनीहरूले चलिरहेकाछन् भने तपाईंहरूले तिनीहरूलाई रोक्न सक्नुहुन्न।" (प्रेरित ५:३८,३९ रूपान्तरित)। सावलको मनमा यो तर्क घुस्न सकेको थिएन। हामीले के थाहा पाउनुपर्छ भने, जब परमेश्वरले मानिसहरूलाई आशिष दिनुहुन्छ भने तिनीहरूप्रति डाहा र ईर्ष्या गर्नुपर्ने कारण छैन। तिनीहरूलाई नाश गर्नपनि अर्थहिन हुन्छ किनभने परमेश्वरले तिनीहरूलाई निरन्तररूपमा आशिष दिनुहुनेछ।

सावलको मनस्थिति वा नियत गलत थियो। तर हामीले यो बुझ्न किन सजिलो छ? तपाईंको पदलाई हाँक दिइरहेका छन् भनेर

आभास दिनेप्रति तपाईंको पहिलो मनस्थिति कस्तो हुन्छ? के तपाईंले सबै थोक परमेश्वरमा समर्पण गर्न राजी हुनुभएको छ? वा त्यस मानिसको खिलाफमा षडयन्त्र रच्न सुरू गर्नुहुन्छ वा राजनिति खेल्न सुरू गर्नुहुन्छ?

## ४. दाउदप्रति राजा सावलको ईर्ष्याः भाग २ (१ सामूयल १९)

राजा सावल कुन नैतिक पतनको पथमा गइरहेको थियो भनेर १ सामूयल १९मा बताइरहेका छन्? यसबाट हामीले के पाठ सिक्नसक्छौं?

सुरुमा सावलले दाउदको हत्या गर्ने षडयन्त्र लुकाउन खोजेको थियो। तर जब यो पूरा भएन अनि प्रत्यक्ष्य रूपमा आफ्नो दुष्ट योजनालाई कार्यन्वन गर्न अग्रसर भए। यो स्थितिमा सावल पुग्छ भनेर उसले कहिलै पनि नसोचेका होलान्। तर जब एकफेरा हामीले पापको ढोकाहरू खोल्न दियौं भने त्यसबाट कति गलत कामहरू गर्न अग्रसर गराउँदछन् र हामीलाई पापको खाल्डोमा पुऱ्याउँदै लान्छन् भन्ने कुरामा हामी यादै हुँदैन।

राजा सावलले दाउदलाई मार्ने निर्दिष्ट लक्ष्य नै लियो। जब स्त्रीहरूले दाउदको प्रशंसा गरेका थिए राजा सावलमा नकारात्मक भावनाहरूले अड्डा जमाउन थालेको थियो। ती भावनाहरूलाई खेल्न दिँदा दाउदको हत्या गर्ने चाहनामा परिवर्तन भयो। राजा सावलले आठ पटक कुनै न कुनै रूपमा दाउदलाई मार्न प्रयास गरेका थिए भनेर १ सामूयल १८ र १९मा उल्लेख गरेका छन्।

बाँकी घट्नाहरू पनि दुःखलाग्दो छ। जब सावलमा घृणा र ईर्ष्या वढ्न थाल्यो तब दाउदप्रति झन झन शङ्का हुन थाल्यो। परमेश्वरका ८५ जना पुजारीसहित, सावलले धेरै पुरुष, महिला र केटाकेटी, दुधे बालक र नबका पुजारी शहरका जन्तुजनावरहरूको आमहत्या गरे (१ सामूयल २२:१७-१९)। उनीहरू दाउदको पक्षमा उभिए भनेर शङ्का गरेकै आधारमा सावल यस्तो जघन्य अपराध गर्न पछि परेन। उनी सैतानको अगुवाईमा चलेका थिए भनेर यसले स्पष्ट गर्दछ।

त्यसमा पनि जब फिलिस्तीहरूले इस्रायलमा हमला गरे तब सावल झन आतङ्कित भए। परमेश्वरसँग के गर्ने भनेर उनले सोधे। तर सावल परमेश्वरबाट धेरै टाडा भएका थिए। परमेश्वरको सल्लाहलाई सावलले धेरैपल्ट असफल बनाई दिएका थिए। जब परमेश्वरबाट जवाफ आएन त उनी बोक्सीको सहायता लिएर दुष्ट आत्माको शरणमा पुगे। कुनै पनि तुनामुना, बोक्सीहरूलाई सावल आफैले अवैध घोषणा गरेका थिए। मानिस मरेर चिहानमा गाडेपछि त्यसको कुनै चेतना हुँदैन भनेर बाइबलले स्पष्ट पारेको छ (उपदेशक ९:५)। लोकाचारको बिपरित बाइबलको अनुसार तिनीहरू भुत भएर मानिसको सामु देखा पर्दैनन्। जब तिनीहरू मर्छन् तब तिनीहरू सुतेका हुन्छन् र येशूको पुनआगमनमा उहाँका पवित्र सन्तहरूको मृत्युबाट पुनरुत्थान हुनेछन् (१ कोरन्थी १५:५१-५३, १ थेस्सोलोनी ४:१६,१७)। जब सैतानको आत्मा मृत्युबाट निस्किएको सामूयल जस्तो भएर देखापरेको थियो, सावल उसलाई ढोग्न भुईँमा लम्पछार पनि परेको थियो (१ सामूयल १८:१४)। यो नै अन्ततः सावलको दुःखद अन्तको सुरू थियो। किनभने भोलीपल्टै सावल र उनका छोराहरूलाई फिलिस्तीहरूसँगको लडाईँमा मारियो (१ सामूयल ३१)। फेरि यो पनि सैतानको आत्माले सामूयलको आत्मा जस्तै देखा परेर भनिएको जस्तै भयो।

जब ईर्ष्या, द्वेष, डाहालाई सावलको मनस्थितिमा जरा गाढ्न दियो तर उनी भ्रष्ट र परमेश्वरबाट खस्किन दिएको थियो। उनले धर्मप्रतिको आस्थालाई नै त्याग्न अग्रसर भएका थिए। सावलको पापले गर्दा उनको सम्पूर्ण परिवारमा नै कष्ट निम्त्याइयो। पापले व्यक्तिगत रूपमा नोक्सान गर्ने त छँदैछ नी। तर यो संक्रात्मक रोग जस्तै अरूलाई पनि नोक्सान र पिडादायी बनाउँछन्। प्रायजसो हाम्रो गलत कार्यकिलापले अरूलाई पनि नकारात्मक प्रभाव पार्दछन्।

हामीले हेरेका घट्नाहरूको बारेमा समिक्षा गरौं। प्रत्येक घट्नामा ईर्ष्या र त्यसले ल्याउने परिणामको प्रभाव सर्वत्र फैलिएको हामी पाउँछौं। यदि कसैप्रति प्रथम पल्ट ईर्ष्या जागेर आयो भने झट्ट

त्यसलाई त्याग्नु पर्दछ। सुरूमा कसैलाई पनि हानी गर्दैन। तर त्यस भावनालाई कुरुप हुन नदिन परमेश्वरको अनुग्रहले हामीले हाम्रो स्वार्थलाई त्याग गर्न सक्नुपर्दछ। मनमा आउने यस्ता भावनालाई तुरन्त हटाउनुपर्छ भन्ने ज्ञानबोध हामी सबैमा हुनुपर्दछ। परमेश्वरको सहायताले यो काम हामी सम्पन्न गर्नसक्छौं।

## ५. येशूप्रति ईर्ष्या (मत्ती २७:१८)

मत्ती ११ अध्याय सरसर्ती पढ्नुहोस्। येशूले गर्नुभएका क्रियाकलापमा ध्यान दिनुहोस्। अनि मत्ती १२:१४ पढ्नुहोस्। येशू र उहाँले गर्नभएको के कुराहरू थिए जसले गर्दा धार्मिक अगुवाहरूमा यो मनस्थिति पैदा भयो? उनीहरूका कामले उनीहरूको मनलाई कसरी पर्दाफास गर्दछन्? त्यहि अवस्थामा तपाईं पनि पर्नुभएको भए तपाईंले के गर्नुहुने होला, सोच्नुहोस्।

व्यवस्थाका नितिनियमहरू कठोर रूपमा पालन गर्न र धर्मका शिक्षादिक्षाहरूमा मूल पुजारी पण्डित र धार्मिक अगुवा था एल्डरहरू खप्पिस भएका थिए। तर ईर्ष्याले गर्दा तिनीहरू परमेश्वरका व्यवस्थामा उल्लेखित सत्यलाई विर्सेका थिए। तिनीहरू धर्मान्ध भएको कारणले परमेश्वरको प्रेमको सत्यता र धर्मको मूल कारण नै वेवास्ता गरेका थिए। येशूले धर्मलाई नयाँ तथा ताजा दृष्टिकोणले प्रस्तुत गर्नुभयो। धार्मिक अगुवासहित सारा इस्रायलका जनहरूले मुक्तिका सुसमाचार सुनेका थिए। तर ती मानिसहरूले स्व-भ्रस्त बाटो अपनाइहरेका छन् भनेर येशूले दिनुभएको चेतावनीप्रति तिनीहरु आभारित भएनन्। बरू आफूहरूको भन्डाफोर गरेकोले येशूलाई तिनीहरूले मार्न तम्सिए।

आफ्नै डाहा र ईर्ष्याले गर्दा स्पष्ट हुने कुरा बुझ्न असमर्थ बनाइदिनुहुन्छ। येशूले भुतहरू धपाईरहनुभएको थियो। अचम्म काम गरेर बिमारीहरूलाई निको पारी रहनुभएको थियो। उहाँको वचन र क्रियाकलापबाट उहाँ परमेश्वरबाट आउनुभएको हो र उहाँ परमेश्वर हुनुहुन्छ भन्ने प्रसस्त प्रमाणहरू थिए, यद्यपि मानिसहरूले उहाँलाई कसरी शङ्का गरे भन्ने कुरा बुझ्न हाम्रो निम्ति गाऱ्हो छ (मत्ती ११:४,५)।

शायद आफ्ना आवश्यकताहरूलाई महशूस गरेर नै सर्वसाधारण जनता धार्मिक अगुवाहरूभन्दा येशूप्रति मन खुलाएका थिए। येशूले धार्मिक प्रणालीमा परिवर्तन ल्याउनुहुन्छ र तिनीहरूको प्रतिष्ठाहरूमा धक्का दिनेछन् भन्ने कुराहरूमा धार्मिक पण्डितहरू त्रसितभएका थिए। तिनीहरूले सिकाएका भन्दा येशूका शिक्षा फरक थिए। उहाँले दिनुभएको सन्देश अत्यन्त सान्दर्भिक र लोकप्रिय थिए। उहाँले सर्वसाधारणमाथि प्रतिष्ठा जमाउनुहुनेछ भन्ने कुरामा धार्मिक गुरूहरू डराएका थिए। दुर्भाग्यवस, सत्यलाई जान्नु र त्यसको पछि लाग्नुको सट्टा आफ्नै मानमर्यादा तथा प्रभावलाई सुरक्षित राख्ने तिनीहरूको सरोकार बढि थियो।

धर्मान्ध धार्मिक अगुवाहरूमा येशूप्रति ईर्ष्याले भरिएका थिए भन्ने कुरो कुनै गोप्य थिएन। रोमी राज्यपाल पिलातुसलाई पनि थाहा थियो कि ती पण्डितहरूले येशूलाई मार्न किन तम्से (मत्ती २७:१८)। यसैबाट येशूप्रति धार्मिक गुरूहरूको नियत स्पष्ट रूपमा हामी देख्दछौं। दुःखको कुरो त यो छ, ती अतिबादी धार्मिक पण्डितहरूले येशूप्रति यस्तो घृणा तथा ईख यति प्रभावशाली थियो कि उहाँको खिलापमा जाँदा उनीहरूले धर्मको रक्षा गरिरहेका थिए भनेर विश्वस्त भएका थिए। कुनै अनौठो मानिसले उनीहरूको धर्मबाट मानिसहरूलाई नबरालिदिन तिनीहरू अठौत लिएका थिए। यदि ती धार्मिक अगुवाहरूले परमेश्वरमा नम्र भएर आफूहरूलाई सुम्पे भने, तिनीहरू भयङ्कर भूल गर्नबाट बचिन्थे र साथै तिनीहरूको अनन्तको नाशमा नडोभ्यिनबाट रोकिन्थ्यो। हामीले पनि उनीहरूको भुलबाट सिक्नुपर्दछ।

## उपसँहारः

<u>थप जानकारीः</u> "येशूको पछि सैतान स्वर्गको सम्माननिय स्वर्गदूत थियो। अरू स्वर्गदूतहरूको जस्तै उसको अनुहार भद्र र खुशी देखिन्थ्यो। सैतानको निधार उच्च र फराकिलो थियो। यसले उनी अत्यन्त चलाक थियो भनेर देखाइन्थ्यो। उसको बनावत सिद्ध थियो। उसको शरीर आदर्शमय र यश्वसीमय थियो। तर जब परमेश्वरले आफ्नो पुत्रलाई भन्नुभयो, 'हामीले हाम्रो स्वरूपमा मानिस बनाऔं'

येशूलाई सैतानले डाहा गऱ्यो। मानिसको सृष्टिमा आफू पनि सहभागी हुन उसले चाहेका थिए। यस कार्यमा उनी समावेश नभएकोले उनमा डाहा, ईर्ष्या र घृणाले अड्डा जमायो। परमेश्वरसँग उच्च सम्मान सैतानले चाहेको थियो।"-एलेन जी ह्वाइट, *अर्ली राइटिङ्गस्,* पृ. १४५बाट रूपान्तरित।

"सबैले उसलाई सम्मान गरून र प्रशंसा गरून भन्ने प्रवल इच्छा नै सावलको चरित्रमा ठूलो खोट भएको थियो। यो स्वभावले सावलको क्रियाकलाप र सोचमा निकै प्रभाव दालेको थियो। सबैले प्रशंसा गरून भनेर आत्म-महिमाको चाहना नै सावलको केन्द्रविन्दु थियो। सबै मानिसको बिचारमा  उनले प्राथमिकता पाउन् भन्ने उनको महत्वाकांक्षा थियो। जब मानिसहरूले दाउदको प्रशंसा गरेर गीत गाएका थिए, अब दाउदले मानिसहरूको मन जित्यो र आफू सट्टा दाउद राजा हुन्छ भन्ने कुरामा सावल यकिन भएको थियो। यसरी सावलले आफ्नो मनमा ईर्ष्याको आवेगलाई अड्डा जमाउन दियो र यहि नै उनको आत्माको निम्ति बिषादी भयो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ६५०बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. तपाईँ कतिपय कुराहरूमा आभारीत हुनुहुन्छ? तपाईँको समस्या भन्दा ती चिजहरूलाई सम्झन कतिको महत्वपूर्ण छन्?

२. के ईर्ष्या पनि कहिलै असल हुनसक्छ र? यसले आफूले आफैलाई सुधार्न के सहयोग गर्दछ र? सोच्नुहोस्।

३. यस अध्यायमा पढेका बाइबलका केहि चरित्रहरूको समिक्षा गरौं, जो ईर्ष्याले ओतप्रोत भएका थिए: स्वर्गको अत्यन्त उच्च स्वर्गदूत लुसिफर, इस्रायलाका राजा सावल, इस्रायलका धार्मिक पण्डितहरू। ती सबै मानिसहरू प्रतिष्ठाको ओहोदामा थिए। तिनीहरूको चाहना अनुसार सबै थोक तिनीहरूमा थिए। तैपनि ईर्ष्यालाई तिनीहरूले आफ्नो मनमा आउन दिए। यथार्थमा भन्ने हो भने डाहा र ईर्ष्या

भित्री हृदयको समस्या हो कसैले बाहिरबाट लादिने समस्या होइन। कतिपय मानिसहरूमा यस संसारमा चाहेका सबै कुरा हुन्छन्, तैपनि तिनीहरु किन अरूको डाहा वा ईख गर्दछन्?

४. एलेन जी ह्वाइटले, *पाट्रियार्क एण्ड प्रोफेटस्*मा उल्लेख गर्नुभएको थियो "अरूले प्रशंसा गरून भन्ने सावलको चाहना नै उसको चरित्रको ठूलो खोट थियो।" यो केवल सानो खोट, तर हेर्नुहोस् यसले कस्तो बिकराल रूप लियो। हाम्रा चरित्रमा भएका खोटहरूले हामीलाई नियन्त्रण नगरोस् भनेर त्यसलाई हामीले जित्न खोज्नुपर्दछ भन्ने कुरामा हामी कत्तिको चनाखो हुनुपर्दछ? येशूको प्रेम र शक्तिले यस्ता कमजोरीहरूलाई नियन्त्रण गर्न सकिन्छ भन्ने बाइबलका प्रतिज्ञाहरूलाई दावी गरेर पाउने आशा र उत्साहलाई हामीले किन आत्मसात् नगर्ने?